# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७९/०८०
च.न.

मिति:२०८०।०१।०३

**व्यवसायिक आयोजनामा आधारित सहकारी तथा महिला समूहलाई उद्यमशिलता विकासका लागि अनुदान प्रदान सम्बन्धी**

**(प्रथम पटक प्रकाशित सूचना मिति :२०८०।०१।०३)**

उपरोक्त सम्वन्धमा वहुक्षेत्रिय पोपण कार्यक्रम अर्न्तगत यस नौमूले गाउँपालिकाको आ.व.२०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नागरिक सचेतना केन्द्र, आमा समूह ,कृषि विकास ,पशु सेवा ,घरेलु विकासको समन्वय र सहजिकरणमा सञ्चालनमा रहेका महिला समूहहरुका लागि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही व्यवसायिक योजनामा आधारित महिला सहकारी तथा महिला समूहलाई उद्यमशिलता विकासका लागि अनुदान प्रदान गर्न १५ दिन (मिति:२०८०।०१।१७ गते ) भित्र (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट समेत) कार्यालय समयमा प्रस्तावना पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

- यस गाउँपालिका भित्र क्रियाशिल सहकारी तथा समूह मध्ये सुनौला हजार दिनका आमा भएको घरपरिवार हुनुपर्ने,
- उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यवसाय संचालन गर्नु पर्ने,
- व्यवसाय संचालनको प्रतिवद्धता पत्र,
- महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई यस गाउँपालिका भित्र कार्यक्षेत्र भएको र महिला समूहको हकमा यस गाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ,
- यस सूचनामा उल्लेख भएको सोही बमोजिम र सूचनामा नभएकोमा वहुक्षेत्रिय पोषण कार्यक्रम निर्देशिका तथा प्रचलित कानून बमोजिम हुनेछ ।

आवश्यक कागजातहरु :

- सम्वन्धित वडामा क्रियाशिल रहेको भनि वडा कार्यालको सिफारीस पत्र,
- सहकारीको दर्ता प्रमाण-पत्र तथा वार्षिक लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि,
- समूहको हकमा यस गाउँपालिकामा दर्ता तथा नविकरण भएको प्रमाण -पत्रको प्रतिलिपि,
- सहकारी तथा समूहको संचालन समितिको निर्णयको प्रतिलिपि,
- सहकारी तथा समूहमा आवद्ध सदस्यहरु मध्ये सुनौला हजार दिनका बालबालिकाहरुको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि तथा आमाहरुको नागरिकताको प्रतिलिपि ।

(रेशम बहादुर ...)
प्रमुख प्रशासकीय अधिकृत

*नोट : थप जानकारीका लागि यस नौमूले गाउँपालिकाको कार्यालय वा महिला बालबालिका शाखा वा मोवाइल नं.९८४८२०८८१८ मा सम्पर्क गर्न सकिनेछ ।*


अध्यक्ष: ९८४८२०८९१६, उपाध्यक्ष: ९८४८३३९५४९, प्रमुख प्रशासकीय अधिकृत: ९८६१०५१२७३,
प्रशासन: ९८०२५४५८७५/९८४८१०७६७०, आर्थिक प्रशासन: ९८०४५४५८७१
website: naumulemun.gov.np Email: naumulegapa@gmail.com